**"समृद्ध लिखुको आधार : कृषि, शिक्षा र पूर्वाधार"**

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
नुवाकोट
२०७३

लिखु गाउँपालिकाको गाउँसभाको १८ औ अधिवेशनमा प्रस्तुत

आर्थिक वर्ष २०८३।०८४ को

# वार्षिक नीति तथा कार्यक्रम

लिखु गाउँपालिका

बागमती प्रदेश, नुवाकोट

विक्रम संवत् २०८३ साल असार ८ गते

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
नुवाकोट
२०७३

**गाउँसभाबाट स्वीकृत मिति : २०८३।०३।०८**

**गाउँपालिकाका अध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरू,**
**गाउँसभाका सचिवज्यू**
**उपस्थित कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।**

यस गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र प्राप्तीका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

चालु आ.व. २०८२/०८३ का लागि पेश भएको नीति तथा कार्यक्रम के कति कार्यान्वयन भए, सो को गम्भीर समीक्षा गरी आगामी आ.व. को लागि प्रस्तुत नीति तथा कार्यक्रम तयार गरिएको छ । आगामी आ.व. २०८३/०८४ को नीति तर्जूमा गर्दा सो नीति कार्यान्वयनको लागि आवश्यक कार्यक्रम र खर्चको प्रस्ताव बजेटमा देखिने गरी तादात्म्यता मिलाइएको छ । सीमित स्रोत साधनबाट जनताका असिमित आवश्यक्ता परिपूर्ति गर्न स्रोतको अधिकतम उपयोग हुने गरी आयोजना तथा कार्यक्रमको तर्जूमा र सो को प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ । नागरिकको घर आँगनको सरकारको रुपमा स्थापित स्थानीय तहले प्रदान गर्ने सेवाहरु अझै बढी पारदर्शी र नागरिकमैत्री हुन जरुरी छ । तसर्थ: नागरिकहरुको चाहनालाई मध्यनजर गरी शासन व्यवस्था र विकास निर्माण कार्यको सम्बन्धमा आइपरेका नकारात्मक प्रभावको चिराफार गरी आगामी वर्षको लागि आवश्यकता र प्राथमिकता पहिचान गरी स्पष्ट योजना सहितको नीति तथा कार्यक्रमको तर्जुमा गर्न सकेमा मात्र स्थानीय सरकारको प्रभावकारिता बढ्न सक्नेछ भन्ने विश्ववास लिएको छु । विद्यमान परिस्थितिमा सेवा प्रवाह लाई चुस्त र दुरुस्त बनाई सुशासन कायम गर्नु प्रस्तुत नीति तथा कार्यक्रमको मुल ध्येय रहेको छ । विकास निर्माणका काममा आर्थिक अनुशासन र पारदर्शिता कायम गरी उच्च प्रतिफल हासिल हुने गरी कार्यक्रम कार्यान्वयन हुने विश्वास लिएको छु । कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, खानेपानि तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रबर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यकम प्रस्ताव गरेको छु । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यकमको प्रभावकारी कार्यान्वियन गर्न आम लिखुबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त छु ।

संघीय राजधानीबाट निकै निकट रहेको र विकासका प्रचुर असंख्य सम्भावनाहरु बोकेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूतिगर्ने खालका विकास योजना तर्जुमा गर्ने, स्थानीय नागरिक एवं सरोकारवालाहरुलाई योजना तर्जूमाका साथै सोको प्रभावकारी कार्यान्वयन र अनुगमनमा समेत प्रत्यक्ष सहभागी गराउने, आवश्यक्तामा आधारित कार्यक्रम तथा विकासका गतिविधिहरू सञ्चालन गरी यस क्षेत्रका जनताको गरिबी न्यूनीकरण गर्दै "समृद्ध लिखुको आधार : कृषि शिक्षा र पूर्वाधार" भन्ने मूल नारालाई सार्थकता दिनेगरी यो नीति ल्याएको छु ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

विद्यमान समस्या र चुनौतीलाई मध्यनजर गर्दै गाउँपालिकाको आवश्यकता, नागरिकको अपेक्षालाई सम्वोधन गर्न उपलब्ध सीमित साधन स्रोतको उच्चतम प्रतिफल र नतिजा प्राप्ति गर्ने हिसावले वित्तीय स्रोत परिचालनमा हामी केन्द्रित भएका छौं ।

**गाउँसभाका सदस्यज्यूहरु**

हाम्रो लिखु गाउँपालिकामा देहाय बमोजिम अवसरहरु रहेका छन:

क. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

ख. एकल अधिकारक्षेत्रभित्रका विषयमा गाउँपालिकाको सेवा प्रवाहलाई सवल र सुदृढ बनाउन कानून बनाउने अधिकार प्राप्त हुनु ।

ग. आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने एवं कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने संवैधानिक प्रवन्ध हुनु ।

घ. निर्वाचित जनप्रतिनिधिको समग्र गाउँपालिका विकासको दुरदृष्टि (Vision) बमोजिम काम गर्न कार्य वातावरण हुनु ।

ङ गाउँपालिकाको प्रमुख सडकहरुको प्राथमिकताका साथ निर्माण कार्य तीव्र हुनुले जनताको जीवनयापनमा सहजता तुल्याउनु

च. सबै वडाहरुमा सडक पूर्वाधारको पहुँच पुग्नु, स्वास्थ्य सेवा, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुदृढ हुँदै जानु ।

छ. लिखु र तादि खोलालाई उचित संरक्षण गरि पर्यटन पुर्वाधारको बिकास गर्नु ।

ज. कृषि योग्य जमिन प्रशस्त रहेको हुँदा किसान मुखी कार्यक्रममा बढि प्राथमिकीकरण गरि आधुनिक कृषि व्यवसायमा युवा शक्तिहरुलाई परिचालन गरि कृषिमा आत्मनिर्भर बनाउन सकिने ।

**गाउँसभाका सदस्यज्यूहरु**

अवसरका साथसाथै हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु पनि रहेका छन ।

क. सीमित साधन स्रोतले सडक, खानेपानी, सिंचाइ, शिक्षा, स्वास्थ्य, भवन लगायतका पूर्वाधारहरुको विकास र विस्तार गर्नु ।

ख. आन्तरिक आय वृद्धि गरी गाउँपालिकाको वित्तीय सक्षमता सुदृढ तुल्याउनु ।

ग. समयमै कृषकका लागि आवश्यक पर्ने मलखाद्य, गुणस्तरीय विउविजनको व्यवस्था गर्नु ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ

घ. सामुदायिक विद्यालयमा विद्यार्थी Drop out Rate घटाउनु तथा बाल विवाह न्यूनीकरण गर्नु ।

ङ. नागरिकहरुमा उद्यमशीलता विकास, गरिवी न्यूनीकरण तथा रोजगारी सिर्जना गर्नु ।

च. गाउँपालिका क्षेत्रभित्र घर, भवन लगायतका संरचनाहरु वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड र गाउँपालिकाको ग्रामीण यातायात गुरुयोजना (Municipal Transportation Master Plan) को अधिनमा रही निर्माण गर्नु ।

छ) वर्षादको समयमा तादि र लिखु खोलाले गर्ने कटान कार्यको स्थायी समाधान गर्नु ।

**गाउँसभा सदस्यज्यूहरु,**

अब म नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख. लिखु गाउँपालिकाको आवधिक, वार्षिक तथा रणनीतिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु,

ग. राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

घ. १६ औं आवधिक योजनाको मूलभूत पक्षहरु, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र,

ङ मध्यमकालीन खर्च संरचना, गाउँपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएका ऐन कानूनहरु,

च. टोल, वस्ती तथा स्थानीयवासीका माग तथा अपेक्षाहरु र सोको प्राथमिकीकरण,

छ. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम,

ज. नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना

झ. नेपाल सरकार र बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८३,

ञ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन, २०७४

ट. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस,

ठ. राजस्व परामर्श समितिको सिफारिस,

ढ. वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजश्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारहरु ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
नुवाकोट
२०७३

गाउँसभा सदस्यज्यूहरु,

अब म लिखु गाउँपालिकाको आ.व.२०८३/८४ को क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास

१ ***प्राङ्गारीक कृषि उत्पादनमा वृद्धि : समग्र लिखु गाउँपालिकामा कृषि उत्पादनमा वृद्धि*** भन्ने मूल नाराका साथ प्राङ्गारीक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई मर्यादित, दीगो उत्पादन, पर्यावरणीय एवं सामाजिक दृष्टिकोणले स्वीकार्य, आर्थिक दृष्टिकोणले स्वीकार्य, नेपाल कृषि प्रधान देश हो भन्ने मूल किंवदन्तीलाई दस्तावेजमा मात्रै सिमित नराखि व्यवहारिक रूपमा कार्यान्वयन गर्दै कृषि दु:खी पेशा र व्यवसाय हो भन्ने स्थापित परम्परा र भाष्यलाई निरुत्साहित गर्दै कृषि पेशालाई दिगो विकास एवं समुन्नत अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारशीलाको रूपमा अघि सारिनेछ ।

२ लिखु गाउँपालिका क्षेत्रभित्र सूचीकृत कृषि फर्म, लघु उद्यमी व्यवसाय, समूह, सहकारी, कृषि उपभोक्ता समिति र जल उपभोक्ता समिति मार्फत् कृषि तथा पशुपन्छी विकास सम्बद्ध कार्यक्रमहरु संचालन गर्न उल्लेखित सुचीकृत व्यवसायीहरुलाई प्रत्यक्ष रूपमा सहायता स्वरूप कार्यक्रमहरु संचालन गर्न दिइनेछ ।

३ लिखु गाउँपालिका क्षेत्रभित्रका निर्वाहमूखी कृषकहरुलाइ क्रमिक रूपमा व्यवसायीकरण तर्फ उन्मुख गराइनेछ ।

४ संघ, प्रदेश, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (NAMP) (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम), तथा स्थानीय तहलाइ हस्तान्तरित स:शर्त तथा नि:शर्त कार्यक्रमहरुको कार्यान्वयन चरण तथा प्रकृया दोहोरोपना नहुने गरी कार्यान्वयनको लागि सम्बन्धीत निकायसँग आवश्यक परामर्श तथा छलफल गरिनेछ ।

५ संघ तथा प्रदेश तहबाट हस्तान्तरित कार्यक्रमहरु बाहेक स्थानीय तहद्वारा हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरु वितरणमूखी भन्दा दिगो उत्पादनमूखी रूपमा केन्द्रीत बनाईनेछ ।

६ कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी तथ्याङ्क कार्यको लागि स्थलगत रूपमा तथ्याङ्क संकलन प्रयोजनका लागि सकेसम्म स्थानीय तहमा उपलब्ध प्राविधिक जनशक्तिलाई परिचालन गरिनेछ, यदि उक्त जनशक्तिले अपुग हुने देखिएमा थप जनशक्तिको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा पहल गरिनेछ ।

७ लिखु गाउँपालिका क्षेत्रभित्रका कृषकहरुले लगाएको बालीहरुमा उत्पन्न रोग तथा कीराहरुको निराकरणका लागि लिखु गाउँपालिकाबाट आकस्मिक बाली संरक्षण सेवा कार्यक्रमको लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापन गरिनेछ ।

८ लिखु गाउँपालिका क्षेत्रभित्र कृषि कार्यमा उपयोग नभएको तथा कृषियोग्य भूमी मध्य खेती नगरिएको बाँझो जग्गामा खाद्यान्न तथा तरकारी बालीको साटो अमिला जातका फलफूल, मेकाडेमियानट जस्ता फलफूल बाली प्रवर्द्धनको लागि लिखु गाउँपालिकामा संचालित पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास परियोजना (NAFHA) सँग आवश्यक पहल तथा परामर्श गरिनेछ । परिणास्वरूप बाँदरको बिगबिगीलाई पनि केही हदसम्म कम गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

९ लिखु गाउँपालिका क्षेत्रभित्रको सिंचाइ सुविधाको विस्तार नभएको तथा ग्रामिण भेगहरुमा सुख्खा सहने बालीहरु जस्तैः कोदो, फापर, आदि जस्ता रैथाने बालीहरु र फलफूल तथा अदुवा र बेसार बालीको क्षेत्र विस्तार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

१० कृषि क्षेत्रमा बाह्रैमास दीगो सिंचाइको व्यवस्थापनको लागि साना सिंचाइ निर्माण कार्यक्रम अन्तर्गत कुलो तथा बाँध निर्माण, इनार निर्माण, बाँध लगाउन नसकिने ठाउँमा पाइप लाइनको विस्तार, ट्युवेल तथा बोरिङको विस्तार, वर्षात्मा आकाशबाट परेको पानी संकलन गर्ने ड्रम तथा प्लाष्टिक पोखरी निर्माण लगायतका विविध कार्यहरु दिगो रूपमा संचालन तथा व्यवस्थापन गरिनेछ।

११ लिखु गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई बालीनालीको लागि आवश्यक पर्ने खाद्यतत्व अन्तर्गत रासायनिक मलको आपूर्तिको लागि जिल्ला कृषि विकास कार्यालय मार्फत प्रदेश तथा संघीय मन्त्रालयमा आवश्यक पहल गरिनेछ।

१२ लिखु गाउँपालिका क्षेत्रभित्र बढ्दो अव्यवस्थित रासायनिक विषादी तथा मलको प्रयोगलाई क्रमिक रूपमा निरुत्साहित गर्दै जैविक विषादी, स्थानीय स्तरमा बनाउन सकिने झोलमल, परम्परागत विधि (जस्तैः गाई र भैसीको पिसाव, दूध, खरानी, साबुनको फिज, आदि) को प्रयोगलाई बढी भन्दा बढी प्रोत्साहन गरिनेछ।

१३ लिखु गाउँपालिका क्षेत्रभित्र दीगो खेतिपातिका लागि दिगो रूपमा माटो सुधार कार्यको लागि घुम्ती माटो परीक्षण सेवा कार्यक्रमको लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापन गरिनेछ।

१४ लिखु गाउँपालिका क्षेत्रभित्रको माटो परीक्षण पश्चात एकै पटक वा पटकपटक गरी कृषि चुन वितरणको कार्यक्रमको लागि आवश्यक पहल गरिनेछ।

१५ लिखु गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषिजन्य उपजहरुको स्थानीय स्तरमा खपत पश्चात बाँकी रहेको उपजहरुको बिक्रीवितरणको लागि निश्चित क्षेत्रमा बजारको सुनिश्चितता गरिनेछ।

१६ लिखु गाउँपालिका क्षेत्रभित्रको बालीनालीमा बढ्दो वर्णशंकर (हाइब्रिड) जातको प्रयोगलाई क्रमिक रूपमा निरुत्साहित गर्दै स्थानीय रूपमा उपलब्ध पौष्टिक तथा जलवायु अनुकूलित जातहरुको प्रवर्द्धन गरिनेछ।

१७ किसान सूचीकरण कार्यक्रममा बढिभन्दा बढी कृषकहरुलाई आबद्ध गराउनका लागि संबन्धीत निकायसँग आवश्यक पहल गरिनेछ।

१८ कृषि क्षेत्रको व्यवसायीकरणका लागि कृषि यान्त्रीकरण तथा बिउपुँजी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१९ कृषक समूहहरु गठन, दर्ता तथा परिचालन सम्बन्धी आवश्यक प्रकृयाहरुको बारेमा चरणबद्ध रूपमा सहकार्य गरिनेछ।

२० कृषि विकास शाखाबाट सेवाग्राहीहरुको समस्या तथा कार्य फर्छ्यौट सम्बन्धी चुस्त तथा दुरुस्त रूपमा आनाकानी नगरी तत्काल फर्छ्यौट हुने कार्यमा तत्कालै र समयावधी थप लाग्ने भए सोको बारेमा जानकारी गराई सेवाग्राहीलाई सेवा प्रदान गर्ने वातावरण बनाइनेछ।

२१ लिखु गाउँपालिका क्षेत्रभित्र सूचीकृत कृषि फर्म, समूह, सहकारी संस्थाहरुलाई स्वरोजगार उन्मुख कार्यक्रमहरुका लागि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ।

२२ लिखु गाउँपालिका कृषि विकास शाखामा उपलब्ध प्राविधिक जनशक्तिलाई गाउँपालिकाका विभिन्न वडाहरुमा वा निश्चित कार्यक्षेत्र तोकी अधिकतम रूपमा परिचालन गरिनेछ।

२३ १००० मे.टन क्षमताको खाद्य गोदाम घर सन्चालनमा ल्याइनेछ साथै आगामी आ.व. मा मल्टीकोल्ड निर्माण कार्य सम्पन्न गरिनेछ।

२४ स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको संकलन सहि सदुपयोग गरी वस्तु उत्पादनलाई प्राथमिकरण गरिनेछ र उक्त उत्पादन सेवाहरुलाई बजारीकरणमा सहजीकरण गरिनेछ ।

२५ उद्यमीहरुले उत्पादित गरेको वस्तु तथा सेवाहरुलाई बजारसम्म पुर्याउन सुविधायुक्त कृषि सडकको पहुँच गरिनेछ ।

२६ उद्यमीहरुले उत्पादन गरेको वस्तु तथा सेवाहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरी उत्कृष्ट लघुउद्यमीहरुलाई पुरस्कृत गरिनेछ ।

२७ लघु उद्यमी समूहहरुलाई व्यवसाय संचालन गर्न सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

२८ लिखु गाउँपालिका क्षेत्रभित्रका एकल महिला र पुरुष, गृहिणी महिला, उत्पीडीत, दलित वर्ग, समुदाय, सीमान्तकृत वर्गहरुलाई लघु उद्यम विकास कार्यक्रममा प्रत्यक्ष रूपमा सहभागी गराइनेछ ।

२९ लिखु गाउँपालिका क्षेत्राधिकार भित्र रहेका र लिखु गाउँपालिकामा सूचीकृत सहकारी संस्थाहरुको निश्चित समयमा सहकारी ऐन, २०७४ तथा नियमावली, २०७५ बमोजिम अनुगमन तथा नियमन गरिनेछ ।

३० यस क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक तथा सामाजिक परिवेश तथा सौन्दर्यता झल्किने ठाउँहरु व्यवस्थित गर्दै थप पर्यटकीय स्थल अध्ययन तथा विस्तार गरी आर्थिक समृद्धि हासिल गरिनेछ ।

३१ लिखु गाउँपालिकाभित्र स्थापित पर्यटकीय स्थल जस्तै नाँगीडाँडा, निरञ्जनाथान लगायतका स्थलहरुलाई व्यवस्थित रूपमा प्रवर्द्धन गर्दै पर्यटक आगमनको संख्या वृद्धि गरिनेछ ।

३२ बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाको प्रवर्द्धन एवम् विस्तार गर्दै दाउराको प्रयोगलाई क्रमशः कम गर्दै लगिने छ ।

३३ दिगो एवं अनन्त ऊर्जाको स्रोतको रूपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरूमा सोलार वत्तिको व्यवस्था गर्दै लगिने छ ।

३४ सडक वत्ति व्यवस्थापनलाई विकास र विस्तार गरिनेछ ।

३५ लिखु गाउँपालिका क्षेत्रभित्र कृषि तथा पशुपन्छीपालक कृषकहरुले लगाएको बाली तथा पशुधनलाई भैपरी रूपमा आइपर्ने प्राकृतिक विपत्ती तथा अन्य महामारीजन्य रोग कीराहरुबाट सुरक्षण हुन बढी भन्दा बढी कृषकहरुलाई पशुपन्छी बीमामा आबद्ध हुनको लागि बीमा प्रदायक कम्पनी संस्थाहरुसँग आवश्यक समन्वय तथा पहल गरिनेछ ।

३६ लिखु गाउँपालिका क्षेत्रभित्रका पशुपालक कृषकहरुले पालन गरेको पशुपन्छीहरुमा उत्पन्न माहामरी रोग र जुनोटिक रोग निराकरणका लागि प्राथमिक उपचार तथा परामर्शको लागि लिखु गाउँपालिकाबाट आवश्यक पर्ने प्राविधिक तथा आर्थिक स्रोतको जोहो गरिनेछ ।

३७ लिखु गाउँपालिका क्षेत्रभित्रका पशुपन्छी तथा मत्स्य पालक कृषकहरुहरुले पालन गरेका पशुपन्छीहरुका लागि आवश्यक पर्ने खोप तथा औषधीको व्यवस्थापन गरिनेछ ।

३८ लिखु गाउँपालिका क्षेत्रभित्रको पशुपन्छीमा बढ्दो कृत्रिम गर्भाधान कार्यलाई क्रमिक रूपमा निरुत्साहित गर्दै स्थानीय रूपमा उपलब्ध जातहरुको प्रवर्द्धन गरिनेछ ।

३९ लिखु गाउँपालिका क्षेत्रभित्र व्यवसायीक रूपमा स्थापित कुखुरा र ब्रोइलर फार्म, बंगुरपालन फार्म, माछापालन, गाई भैसीपालन फार्म, बाखापालन फार्म तथा विभिन्न पकेट कार्यक्रमलाई थप स्तरोन्नती बनाउन विशेष पहल गरीनेछ ।

४० छाडा पशु व्यवस्थापन तथा पशुशिविर कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

४१ उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सृजना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलापहरुलाई एकीकृत रुपमा सन्चालन गरिनेछ ।

## सामाजिक विकास

४२ आर्थिक बर्ष २०८३।०८४ लाई **हामी बनाउछौं हाम्रो विद्यालय : राम्रो विद्यालय** अभियान संचालन गरिनेछ ।

४३ शैक्षिक गुणस्तर सुधारको लागि गणित, अंग्रेजी र विज्ञान को उपलब्धि सुधार वर्षको रुपमा मनाइनेछ ।

४४ **व्यावहारिक प्रविधिमैत्री र जीवनउपयोगी शिक्षाः हामी सबैको इच्छा** भन्ने नाराका साथ लिखु को शिक्षालाई व्यावहारिक, प्रविधिमैत्री र जीवनउपयोगी बनाईनेछ ।

४५ **गुणस्तरीय, प्रविधिमैत्री तथा सिपमूलक व्यावहारिक शिक्षा : लिखु गाउँपालिकाको इच्छा** पुरा गर्न सबै विद्यालयमा विद्युतीय हाजिरी डिजिटल अनुगमनको सुरुवात गरिनेछ ।

४६ एक वडा एक विशेष ( Sports school, Music school, Technical school, Vocational school, STEM Education, Art School) विद्यालय संचालन गर्न पहल गरिनेछ ।

४७ शैक्षिक गुणस्तर सुधार हाम्रो प्रतिबद्धता अन्तरगत सबै विद्यालयसँग कार्यसम्पादन सम्झौता गरी संझौता अनुसार उत्कृष्ट विद्यालय, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ ।

४८ विद्यार्थी प्रोत्साहन, शिक्षक प्रोत्साहन र विद्यालय प्रोत्साहनका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

४९ ***म बनाउछु मेरो स्कुल*** भन्ने नाराका साथ हरेक जनप्रतिनिधिले विद्यालयको गुणस्तर सुधार्नको लागी एउटा विद्यालयको जिम्मा लिईने वातावरण बनाइनेछ ।

५० शैक्षिक गुणस्तर सुधार तथा क्षमता विकासको लागि प्र. अ., लेखापाल, शिक्षकहरु, बालविकास कार्यकर्ता, व्यवस्थापन समितिको लागि पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ ।

५१ विषयगत शिक्षकहरुको समितिलाई सक्रिय गराई शैक्षिक सुधारका कार्यक्रमहरु ल्याइनेछ ।

५२ सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

५३ सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।

५४ विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरु अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड, अध्यक्षकप खेलकुद प्रतियोगिता, उपाध्यक्षकप महिला भलिबल प्रतियोगिता जस्ता राष्ट्रिय खेलमा सहभागीताको निरन्तरता दिईने छ र शिक्षकहरुको लागि विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।

५५ शैक्षिक विकास, सुशासन र गुणस्तर अभिवृद्धिका लागि अन्य निकाय, सरकारी, गैर सरकारी संघ सस्थाहरु संग सहकार्य गरिनेछ ।

५६ अध्यक्षसँग जनता परीक्षण कार्यक्रम अन्तर्गत मुटु, मृगौला, क्यान्सर लगायत गम्भिर प्रकृतिका रोगको लागि अति बिपन्न गरीव, दलित तथा सिमान्तकृत व्यक्तिहरुलाई केही आर्थिक सहायता उपलब्ध गराईने कार्यको निरन्तरता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

५७ उपाध्यक्षसंग गर्भवती महिला कार्यक्रमलाई निरन्तरता दिई पालिका भित्रका गर्भ जाँच गरीरहेका महिलाहरुलाई क्याल्सियम चक्की खरीद गरी डोज अनुसार नियमित रुपमा बितरण गरिनेछ ।

५८ स्वास्थ्य संस्थाहरुको स्तरोन्नती र सुदृढीकरण गरिने छ ।

५९ स्वास्थ्य संस्थाहरुको स्तर अनुसार आवश्यक औजार-उपकरण, जनशक्ति र औषधीको व्यवस्था गरीने छ ।

६० स्वास्थ्य संस्थाहरुमा पानी, बत्ती, ब्याकअपको ब्यबस्थामा जोड दिईने छ भने ईन्टरनेट सेवालाई थप प्रभावकारी बनाइने छ ।

६१ पोषण सेवामा थप सुधार ल्याउनको लागि बच्चाको उमेर २ बर्ष सम्म महिनाको १ पटक जोखी २ वर्षमा २४ पटक जोखेर पोषणको अवस्था बेलैमा पहिचान गरी त्यसको ब्यवस्थापन गरीने छ ।

६२ वडाध्यक्षसँग स्वास्थ्य उपचार कार्यक्रम अन्तर्गत (ज्येष्ठ तथा असहाय नागरिक, दिर्घरोगीलाई स्वास्थ्य संस्थाबाट नि:शुल्क औषधी बितरण) गरिने छ ।

६३ गर्भवती महिलालाई ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईने छ ।

६४ राष्ट्रिय खोप कार्यक्रम लगायत महत्वपुर्ण कार्यक्रमहरुलाई प्रभावकारी बनाईनेछ ।

६५ स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

६६ पालिका स्तरीय १० बेडको अस्पतालबाट सेवा सुचारु गरिने छ ।

६७ महिलाहरुको पाठेघर जाँच VIA परीक्षण लगायत विविध स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

६८ पालिका भित्रको वर्थिङ् सेन्टरमा सुत्केरी हुनेहरुको लागि घरबाट वर्थिङ् सेन्टर सम्म ल्याउने-लाने ब्यवस्थाको लागि पालिकाको एम्बुलेन्स सेवा नि:शुल्क गरिने छ ।

६९ स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनको लागि अन्य सरकारी तथा गैह्र सरकारी संघसंस्था तथा निकायहरुसँग समन्वय र सहकार्य गरिने छ ।

७० हाल नेपालमा नसर्ने रोगहरु क्यान्सर, मधुमेह, मुटुरोग, दमखोकी र मानसिक रोगको प्रकोप बढ्दै गईरहेको र यसबाट हुने मृत्यु समेत बढ्दै गईरहेको परीप्रेक्षमा लिखु गाउँपालिकाले स्वास्थ्य बर्धक खानपान तथा योग, व्यायाम र ध्यान तथा मेडिटेशनको कार्यलाई पनि शुरुवात गरिनेछ ।

७१ सर्ने रोगहरुको प्रकोपबाट जनधनको क्षेति हुन नदिनको लागि पालिका स्तरीय बिपद ब्यबस्थापन समितिलाई प्रभावकारी बनाई सो कार्यमा खटीने स्वास्थ्य कर्मीहरुलाई सामाग्री सहित तयारी अवस्थामा राखिने छ ।

७२ मानसिक रुपमा अस्वस्थ तथा शारीरिक रुपमा अशक्त मानिसहरुलाई स्वास्थ्य प्रवर्धन कार्यकम अर्न्तगत बजेट विनियोजन गरी जिविकोपार्जनमा सहयोग गरिने छ ।

७३ खोप तथा गाँउघर क्लिनिक केन्द्र व्यवस्थापन गरिने छ ।

७४ पालिका भित्र आईपर्ने समस्याहरु: धारिला हातहतियारहरुबाट काटेको र जीव जनावरहरुको जस्तै : कुकुरहरुको टोकाईबाट लाग्ने रोगबाट बच्नको लागि टि.टि. खोप (TT Vaccine) र यसै आ.व. देखि रेबिज विरुद्धको खोप (Rabies Vaccine) को व्यवस्था गरी नि:शुल्क सेवा प्रदान गरिनेछ ।

७५ पालिकाको फोहोर पालिका भित्र नै व्यबस्थापन गर्न निजी, सहकारी क्षेत्र संग सहकार्य गर्ने नीति लिईनेछ । फोहोर व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ । तादी तथा लिखु नदिमा फोहोर तथा ढल मिसाउन पूर्ण प्रतीबन्ध लागाईने छ ।

७६ ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइने छ।

७७ स्थानीय संस्कृति र कलाको विकास गरी स्थानीय सिर्जनशीलतालाई प्रोत्साहन गर्न कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइने छ।

७८ गाउँपालिकाभित्र रहेका ऐतिहासिक साँस्कृतिक सम्पदाको संरक्षण तथा नयाँ निमार्ण गर्दा ऐतिहासीक महत्व तथा पुरातात्विक महत्वलाई ध्यानमा राखी टुंडाल हरुको प्रयोग गरी निमार्ण गरिने छ।

७९ लिखु गाँउपालिका भित्र रहेका सम्पुर्ण महिला दिदि बहिनिहरुलाई आत्मनिर्भर बनाउने उद्देश्य अनुरुप संचालित महिला लक्षित सिपमुलक कार्यक्रको अनुगमन र मुल्याँकन गरि आवश्यकता अनुसार स्तरोन्नती गर्दै लगिने छ।

८० पिछडिएका वर्गहरुको लागि लक्षित गरी विशेष कार्यक्रमहरु सन्चालन गरिनेछ।

८१ यूवाशक्तिलाई थप बैदेशकि श्रम तर्फ निरुत्साहित गर्न **गाउँ मै रमाउ गाउँमै कमाउ** भन्ने नाराका साथ गाउँमै रोजगारिको अवसरहरु खोजी आधुनिक कृषि तर्फ उन्मुख गराई आत्मनिर्भर बन्ने बातावरणको सृजना गरिने छ।

८२ गाउँपालिकाको मुख्य नाका, शहरी क्षैंत्र र चोकहरुमा सिसि टिभि जडान गरि सुरक्षा निकायको प्रत्यक्ष निरिक्षण र निगरानीम राखिने छ।

८३ बढ्दो बसाई सराई रोक्न बास्तविकता पहिचान गरि गाउँमै बस्ने र कमाउने बातावरणको सृजना गरिने छ।

८४ लिखु गाउँपालिकामा बसाई सराई भई आउने नागरिकलाई हार्दिकताका साथ स्वागत गरिने छ।

## पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन

८५ संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा गाउँपालिका भित्रका महत्वपूर्ण सडकहरुलाई क्रमशः स्तरोन्नती तथा कालोपत्रे गरिनेछ।

८६ यस गाउँपालिकामा निर्माण भएको सडक गुरुयोजनाको प्रतिबेदन अनुसार प्राथमिकिकरणको आधारमा बजेट विनियोजन गर्ने तथा संघ र प्रदेश सरकारमा सोही बमोजिम बजेट माग गर्ने व्यबस्था लागु गरिने छ।

८७ योजना कार्यान्वयनमा गुणस्तर कायम गर्न आवश्यक प्राविधिक उपकरण खरिद गर्ने साथै योजना अनुगमन कार्यलाइ थप प्रभावकारी बनाइने छ।

८८ गाउँ कार्यपालिकाको प्रशासनिक भवन निमार्णकार्य प्रारम्भ गरिनेछ।

८९ गाँउपालिकाबाट निमार्ण भएका ग्रामीण सडकहरुको रेखाङ्कन गरी लगत कट्टा गर्ने नीति लिईनेछ।

९० सडक गुरुयोजना बमोजिम सडकहरुको वर्गीकरण गरी प्रभावकारी कार्यान्वयन गरिने छ। गाउँपालिकाको Lifeline को रूपमा रहेका सडकलाई मुख्य सडकसँग जोडिने छ। एक वडा एक विशेष महत्वको सडक निर्माण तथा स्तरोन्नति कार्यक्रम संचालन गरिने छ।

९१ गाउँपालिका भित्रको यातायातलाई बाह्रै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ। विभिन्न प्राकृतिक कारण तथा विपद जन्य घटनाबाट अवरुद्ध हुने सडक सुचारु गर्न "मर्मत सम्भार तथा व्यवस्थापन कोष" संचालन गरी खर्च गर्ने व्यवस्था मिलाइने छ।

९२ ग्रामीण सडकको दीगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधि अपनाई स्तरोन्नति गरिने छ । पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिने छ ।

९३ सहभागितामूलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईने छ । यसका लागि आवश्यक समपुरक कोष (Matching Fund) को व्यवस्था गरिने छ ।

९४ जोखिम संवेदनशील भूउपयोग योजना बमोजिम जग्गा एकीकरण, जग्गा विकास, बस्ती विकास तथा सम्पदा संरक्षण योजना कार्यान्वयनमा ल्याईने छ ।

९५ विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पुर्व तयारी, विपद् न्यूनकिरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

९६ सामुदायिक वन, नीजि वन र राष्ट्रिय वनमा भूईं घाँस, डाले घाँस र फलफूलजन्य विरुवाहरू रोपी हरियाली प्रवर्द्धन गरिने छ । सामुदायिक वन संरक्षण र उपयोगको लागि समुदायस्तरमां जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।

९७ जमिन खाली रहन नदिन उपयुक्त भू-उपयोग नीति अनुरूप जमिन तथा सडक आसपासमा वृक्षारोपणका लागि आवश्यक विरुवाहरू उत्पादन गर्ने व्यवस्था मिलाइने छ ।

९८ पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरूमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिने छ । पहिरोको जोखिम तथा भूक्षय ग्रस्त क्षेत्रहरूमा बाँस लगायत अन्य उपयुक्त विरुवा रोप्ने संरक्षण एवं उपयोग कार्यमा निम्न आय भएका व्यक्ति, भूमिहीन किसान तथा अल्पसंख्यकको संलग्नताको सुरुवात गरिने छ ।

## संस्थागत विकास, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

९९ सेवा प्रवाहलाई पारदर्शी, जनमुखी र उत्तरदायी बनाउन नागरिक समाज लगायत सरोकारवालाहरुको निगरानी बढाइनेछ ।

१०० सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता मापनका लागि ***लिखु गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह मापदण्ड*** तर्जूमा गरी लागु गरिनेछ ।

१०१ पालिकाबाट प्रवाह भएको सेवाको गुणस्तर कायम राख्नका लागि पालिकाभित्रका सबै सार्वजनिक निकायहरुमा सेवाग्राही सन्तुष्टी सर्भेक्षण गरि सो बाट प्राप्त पृष्ठपोषण समेतलाइ मध्यनजर गरी सेवा प्रवाहमा सुधार गरिनेछ ।

१०२ सेवा प्रवाहलाई सरल र सहज बनाउन समय समयमा एकीकृत घुम्ती सेवा शिविर सन्चालन गरिनेछ ।

१०३ सेवा प्रवाहमा सदाचार बृद्धिका लागि भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलता नीति अवलम्बन गरिनेछ । गाउँपालिकालाई प्रविधि मैत्री बनाई डिजिटलाइजेशन गरिदै लगिनेछ ।

१०४ संघ, प्रदेश र स्थानीय तहको अन्तर समन्वयमा कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता विकासका कार्यक्रमहरु तर्जूमा गरी कार्यान्वयन गरिनेछ ।

१०५ गाउँपालिकाबाट सम्पादित गतिविधीहरुलाई पारदर्शी र जवाफदेही बनाउन समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, अन्तर्क्रिया, सूचना प्रकाशन/प्रसारण जस्ता क्रियाकलापहरु सन्चालन गरी नागरिकलाई सेवा प्राप्तीमा सहज पहुँचको वातावरण बनाइनेछ ।

१०६ गाउँपालिका तथा वडा कार्यालयहरुबाट उपलब्ध गराइने सेवाहरुलाई चुस्त, दुरुस्त, छिटोछरितो र पारदर्शी बनाउन विद्युतीय प्रणालीको उपयोगलाई जोड दिइनेछ ।

१०७ कार्यसम्पादनको आधारमा कर्मचारीहरुलाई प्रोत्साहन दिने नीति लिइनेछ ।

१०८ गाउँपालिका भित्र सन्चालित गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गरी सो को अनुगमन तथा आवधिक समीक्षा गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१०९ गाउँपालिका भित्रका सार्वजनिक र सरकारी जमिनहरुको तथ्यांक संकलन गरी अतिक्रमित जमिन खाली गर्ने र संरक्षण गर्ने कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।

११० उपभोक्ता समितिबाट गरिने कार्यहरुलाई बढी पारदर्शी र व्यवस्थित गरिनेछ साथै उपभोक्ता समितिको कार्यमा थप प्रभावकारीता ल्याउन अभिमुखीकरण कार्यक्रम सन्चालन गरिनेछ ।

१११ नेपाल सरकारबाट स्वीकृत भएको ***संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२*** बमोजिम लिखु गाउँपालिकाको संगठन तथा व्यवस्थानको विस्तृत सर्भेक्षण कार्य अगाडि बढेको छ । सर्भेक्षण मार्फत चुस्त र छरितो संगठन संरचना तयार गरी **छरितो संगठन : गुणस्तरीय सेवा** मा जोड दिइनेछ ।

११२ पालिका भित्रका सबै सार्वजनिक निकायहरुमा नागरिक वडापत्रको व्यवस्था एवं अध्यावधिक गरिदै लगिनेछ ।

११३ गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा इ हाजरीको व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

११४ लिखु गाउँपालिकाको चालु आवधिक योजना २०८३ असार सम्म कायम रहेको हुँदा आगामी आ.व. मा लिखु गाउँपालिकाको ५ वर्षे आवधिक योजना निर्माण गरिनेछ ।

११५ उपभोक्ता हित लाई मध्यनजर गरी स्थानीय बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

११६ गाउँपालिकाबाट सन्चालित आयोजना तथा कार्यक्रमरुको प्रभावकारी अनुगमन गरी देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै जाने नीति लिइनेछ ।

## रोजगार, सीप तथा उद्यमशीलता विकास

११७ लिखु गाउँपालिका भित्र बसोवास गर्ने शिक्षित तथा अशिक्षित बेरोजगार तथ्याङ्क संङ्कलन तथा औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संङ्कलन कार्यलाइ निरन्तरता दिइनेछ ।

११८ श्रमलाई सम्मान लिखुको अभियान भन्ने नाराका साथ गाउँपालिकाका विकास निर्माणका आयोजनाहरुमा बेरोजगारको सुचीमा सुचिकृत व्यक्तिहरुलाई काममा अनिवार्य लगाउनुपर्ने नीति अवलम्बन गरिनेछ।

११९ रोजगार सूचना व्यस्थांपन प्रणालीको स्थापना गरि सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिनेछ।

१२० बेरोजगारहरुको ज्ञान, सीपयोग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

१२१ स्थानीय स्तरमा रोजगारी सृजनाको लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरि थप रोजगारी सृजना गरिनेछ।

१२२ बेरोजगार व्यक्तिका लागि बैंक तथा अन्य वितियसंस्था मार्फत सहुलियत पूर्ण ऋण उपलव्ध गराउन आवश्यक सहजीकरण गरिनेछ।

१२३ रोजगार सीप तथा उद्यमशिलता विकासको लागि सघीय सरकरबाट प्रास बजेटमा गाउँपालिका बाट शतप्रतिशत रकम साझेदारी गरिनेछ।

१२४ अबको जीवन स्वदेशमानै भन्ने नाराकासाथ वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता विकास गर्न र रोजगारीमा आवद्दता गर्ने गरी कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।

१२५ बैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृती र पुनःश्रम स्वीकृतीको कार्य थप व्यवस्थित तथा प्रभावकारी बनाइने नीति लिईएकोछ।

१२६ श्रम संसारमा आवद्ध हुनको लागी सहजिकरण गरिनेछ।

१२७ बैदेशिक रोजगारीमा जान चाहने परिवारका सदस्यहरुको लागि वित्तिय साक्षरता कक्षा र मनो सामाजिक परामर्श प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइनेछ । साथै रिटर्नी स्वयसेबक मार्फत समुदाय स्तरमा सुचना परामर्श दिने कार्य गरिनेछ ।

## न्यायिक कार्यसम्पादन

१२८ गाउँपालिका भित्र अन्यायमा परेका महिला तथा दलित समुदायहरुको लागि कुरीती, कुसंस्कार, छुवाछुत तथा अधिकारको बारेमा कानुनी सचेतना कार्यक्रमलाई प्राथमिकता दिईनेछ । साथै निःशुल्क न्यायिक तथा कानुनी परामर्शलाई निरंतरता दिईनेछ ।

१२९ न्यायिक समितिलाई प्रभावकारी, व्यवस्थित र मर्यादित बनाउन जनतालाई न्यायिक अनुभुती दिलाउने गरिं आवश्यक ऐन, कानून र कार्यविधिहरु निर्माण एवं आवश्यकता अनुसार परिमार्जन गरि लागु गरिनेछ ।

१३० सामुदायिक मेलमिलाप केन्द्रहरु व्यवस्थित तथा थप प्रभावकारी बनाईनेछ । मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

१३१ न्यायिक समिति र मेलमिलापकर्ताहरुको लागि न्याय सम्पादन सम्वन्धि प्रयाप्त ज्ञान सिप आवश्यक पर्ने भएकोले सो सम्वन्धि तालिम, प्रशिक्षणको व्यबस्था मिलाईनेछ ।

१३२ न्यायिक समितिको कार्य सम्पादन प्रकृया सम्बन्धमा वडास्तरीय अभिमुखीकरण कार्यक्रम सन्चालन गरिनेछ । न्यायिक समितिको इजलास लाई व्यवस्थित बनाइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

गाउँसभा सदस्यज्यूहरु,

अन्त्यमा यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरु, वडा समितिका पदाधिकारी ज्यूहरू, विषयगत समितिका पदाधिकारीज्यूहरू, स्थानीय बुद्धिजीवीहरू, राजनीतिक दल, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुख लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति धन्यवाद दिन चाहन्छु । साथै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समस्त लिखुवासीहरूमा सहयोग र सहजीकरणको अपेक्षा गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

सुभद्रा अधिकारी उप्रेती
उपाध्यक्ष
लिखु गाउँपालिका, नुवाकोट

**धन्यवाद !**